"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार, समृद्ध गजुरीको बलियो आधार"

# गजुरी बुलेटिन

वर्ष -३ अंक -३ तेस्रो वार्षिक बुलेटिन (२०८१ जेठ देखि २०८२ बैशाख सम्म)




## गजुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ, बागमती प्रदेश, नेपाल

फोन नं. : ०१०-४०२०६३
इमेल: info@gajurimun.gov.np
ito.gajurimun@gmail.com
वेवसाइट: https://www.gajurimun.gov.np

# गजुरी बुलेटिन

**पुस्तकः**
गजुरी बुलेटिन अंक-३, वार्षिक प्रगति प्रतिवेदन (आ.व.२०८१/०८२)

**संरक्षकः**
श्री गणेशलाल श्रेष्ठ (अध्यक्ष)
श्री शर्मिला बिसुराल (उपाध्यक्ष)

**प्रधान सम्पादकः**
श्री होम बहादुर राउत (प्रमुख प्रशासकीय अधिकृत)

**सम्पादक मण्डलः**
श्री अमृत प्रसाद पौडेल (वरिष्ठ लेखा अधिकृत, आठौं)
श्री पुजन प्रसाद अधिकारी (वरिष्ठ शाखा अधिकृत, आठौं)
श्री सन्तोष पौडेल (शिक्षा अधिकृत, सातौं)
श्री सुबास घिमिरे (सूचना प्रविधि अधिकृत, छैठौं)
श्री इश्वर भुजेल (अधिकृत, छैठौं)
श्री प्रेमलाल भुसाल (वरिष्ठ लेखा परीक्षण सहायक, पाँचौं)

**प्रकाशन मिति** :२०८२/०२/०७
**प्रकाशन प्रतिः** २०० प्रति
**प्रकाशकः**
गजुरी गाउँपालिका
गजुरी, धादिङ, बागमती प्रदेश, नेपाल
फोनः ०१०-४०२०६३
इमेलः info@gajurimun.gov.np
वेबसाईटः https://www.gajurimun.gov.np
**@ Cover Design: Ishwor Bhujel**
**@ Layout Design: Subash Ghimire**

**मुद्रणः**

# शुभ-कामना



आदरणीय गजुरी गाउँपालिकाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनी यहाँहरु सम्पूर्णमा हृदयदेखि नै हार्दिक नमस्कार व्यक्त गर्दछु । यस तीन वर्षको समय अवधि भित्र हामीले गाउँपालिका भित्र सम्पादित गरेका प्रमुख तथा आकर्षक कार्यहरुलाई संकलित/संग्रहित गरी यो वार्षिक पालिका बुलेटिनको तेस्रो अंक यहाँहरु माझ सार्वजनिक गर्न पाउँदा खुसी व्यक्त गर्न चाहान्छु । हामीले २०७९ को निर्वाचनको समयमा तपाईहरु माझ आफ्नो घोषणपत्रमा गरेका ति विविध प्रतिबद्धता र वाचाहरुलाई स्मरण गर्दै जनआकाङ्क्षा, जनअपेक्षा तथा स्थानीय संभावना र आवश्यकताहरुलाई भित्रै देखि मध्येनजर गरी स्रोत र साधनले भ्याए सम्म तपाईहरुको हित बमोजिम काम र कर्तव्य पुरा गर्दै आएको कुरा यहाँहरु सबैलाई सर्वविदित नै छ । विभिन्न समयमा घटेका प्रकृति विपती देखि विभिन्न खालका ति समस्याको उजागर गरी हामीले तेस्रो वर्ष पनि पूरा गरेका छौं । यस समय सिमा भित्र तपाईहरु आम जनसमुदायले देखाउनु भएको चासो/गुनासो, राजनीतिक दलका व्यक्तित्व, बुद्धिजीवीहरु, विभिन्न संघ/संस्थाहरु बाट प्राप्त सुझाव तथा सल्लाहहरु लाई भित्रि हृदयदेखि नै मनन् गर्दै पालिकाको दिगो विकास र समृद्धिका लागि दिर्घकालिन लक्ष्य अनुरुप हामीले केही नयाँ कामहरुको थालनी/सम्पन्न गर्दै तेस्रो वर्ष पार गरिसकेका छौं ।

आ.व २०८१/०८२ मा हामीले तयार पारेका नीति कार्यक्रम तथा बजेटको सहि सदुपयोग गरि समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता समेत गरेका छौं । विकास निर्माणका कार्यहरुबाट समग्र जनअपेक्षालाई महसुस हुने गरि काम गर्दै आइरहेका पनि छौं । पालिका भित्रका समग्र विकास बजेटलाई मध्येनजर गरी हामीले साना तथा ठुला विकास निर्माणका कार्यहरु सम्पन्न गरेका छौं । विशेषत शिक्षा र स्वास्थ्य क्षेत्रमा रहेका अनेकौ समस्याहरुको सामना गर्दै समाधान गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा केही फरक तथा भिन्न खालका रणनितिक योजना तयार पारी धेरै सुधार गर्ने तर्फ दृढसङ्कल्पित छौं । यस पालिका भित्र रहेका भौगोलिक धरातल विकटता र यहाँको भौगोलिक अवस्था अनुकुल जनअपेक्षा र जनचाहना अनुरुप आम गजुरी गाउँपालिका बासीहरुको अपनत्व हुने गरी हामीले नीति तथा कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नका निमित्त सदैव प्रतिबद्ध हरेको समेत व्यक्त गर्दछौं ।

गत वर्षका अनुभवहरुले पनि आगामी दिनमा सिकाइहरुलाई समृद्ध गजुरी निर्माणमा आधारको रुपमा उपयोग गर्नेछौं भन्ने प्रतिवद्धता पनि यहाँहरु समक्ष व्यक्त गर्दै यस पालिकाको समृद्धि र विकास निर्माणको अभियानमा रचनात्मक र सकारत्मक भूमिका निर्वाह गर्न साथ सहयोग दिई थप हौसला र सहकार्य गर्नुहुने संघ तथा बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति धादिङ, गजुरी गाउँपालिका स्थित सम्पूर्ण राजनीतिक दल सम्बद्ध महानुभावहरु, समस्त जनप्रतिनिधि ज्यूहरु, बुद्धिजिवी व्यक्तित्वहरु, लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, सबैप्रति हार्दिक आभार सहित कृतज्ञता ज्ञापन गर्दै धन्यवाद व्यक्त गर्दछु ।

स-धन्यवाद ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष
गजुरी गाउँपालिका

# शुभ-कामना




आदरणीय गजुरी गाउँपालिकाबासी आम जनसमुदायहरुमा मेरो व्यक्तिगत र गजुरी गाउँपालिकाको तर्फबाट हार्दिक अभिवादनका साथै ढिलै भएपनि नयाँवर्ष २०८२ को यहाँहरु सम्पूर्णमा सुस्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमयल शुभकामना व्यक्त गर्दछु । साथै निर्वाचित भएर पदभार ग्रहण गरेदेखि आज यो तेस्रो वर्षसम्म आइपुग्दा यहाँहरुले दिनुभएको साथ र सहयोगको लागि हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दै यसप्रति यहाँहरुमाझ म संधै आभारी रहने कुरा अवगत गराउँदछु ।

गत बर्ष झै यस वर्ष पनि गजुरी गाउँपालिकाले आ.व.२०८१/०८२ मा भए गरेका गतिविधिहरुको संगालो गजुरी बुलेटिन अङ्क ३ प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु । यसले आम गजुरीबासीको लागि बार्षिक रुपमा गाउँपालिकाले गरेका क्रियाकलापहरुलाई जनतामाझ सार्वजनिक गर्दछ र समुदाय शुसुचित हुन्छन् । समुदायलाई सुसुचित गराउनु हाम्रो कर्तव्य पनि हो । आशा छ यस पश्चात पनि आम जनसमुदायबाट निरन्तर सकारात्मक सल्लाह सुझाव प्राप्त हुनेछ । गाउँपालिकाको सिमित स्रोत र साधनबाट जनसमुदायको असिमित आवश्यकताहरुलाई सम्बोधन गर्नु आफैमा चुनौतीपुर्ण कुरा हो । यसमा जनप्रतिनिधि, कर्मचारी तथा वुद्धिजिविहरुको पटक पटकको समन्वय, सहकार्य, सल्लाह सुझावअनुरुप आवश्यकताहरुको प्राथमिकिकरण गरी सम्बोधन गर्ने प्रयास भएको छ । गत बर्षहरुको सिकाइ तथा अनुभवबाट यस बर्षको कार्यक्रमलाई अझ सामाजिक समावेशीकरण बनाउँदै कार्यान्वयन गर्ने प्रयास भएको छ । संस्थागत शुसाशन र मितव्ययिता कायम गर्न हामी संधै लागि परेको कुरा यहाँहरु सवैलाई अवगत गराउन चाहन्छु ।

अन्तमा यस गजुरी बुलेटिनका संरक्षक र संपादक मण्डल, गाउँपालिकाको हरेक गतिविधिहरु सम्पन्न गर्न अहोरात्र खटिनुहुने गजुरी गाउँपालिका प्रशासन, शाखा प्रमुखहरु र संलग्न सबै कर्मचारी मित्रहरु, वडाअध्यक्ष ज्यूहरु, सम्पुर्ण कार्यपालिका सदस्यहरु लगायत निरन्तर सल्लाह सुझाव दिएर सहयोग गर्नुहुने गजुरी गाउँपालिकाका राजनितिक दल, समाजसेवी तथा वुद्धिजिवी वर्ग, संघसंस्था सबै सबैलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

शर्मिला बिसुराल
उपाअध्यक्ष
गजुरी गाउँपालिका

# शुभ-कामना



गजुरी गाउँपालिकाले गत १ वर्षको (मिति २०८१ जेठ १ गतेदेखि मिति २०८२ वैशाख मसान्तसम्म) सेवा प्रवाह तथा कार्यक्रमहरूको प्रगति विवरण समेटिएको गजुरी बुलेटिन अङ्क-३ प्रकाशन गरेकोमा यहाँहरू समक्ष खुसी व्यक्त गर्दछु । स्थानीय नागरिकहरूको नजिक रहेको स्थानीय सरकार प्रति नागरिकको तीन तहको शासकीय ईकाइ र त्यसमध्ये जनताको निकटको सरकारको रूपमा रहेको स्थानीय सरकार प्रति जनताको विशेष आकाङ्क्षा र सामिप्यता रहन्छ । यिनै सिद्धान्तलाई आत्मसात गर्दै यस पालिकाले प्रस्तुत गरेको यो दस्तावेज उपलब्धिको सार्वजनिकीकरण त हुँदै हो, साथै भविष्यका लागि वर्तमानको दस्तावेजीकरण पनि हो ।

प्रस्तुत बुलेटिन प्रकाशनका लागि निर्देशन दिने गाउँ कार्यपालिका, अध्यक्षज्यू तथा उपाध्यक्षज्यू, समस्त जनप्रतिनिधिज्यूहरू एवं सरोकारवाला निकायहरू प्रति आभार व्यक्त गर्दछु । बुलेटिन प्रकाशनका लागि अहोरात्र खटिनुहुने कर्मचारी साथीहरू तथा रचनात्मक सुझाव तथा समन्वयका लागि अन्य सबै महानुभावहरूप्रति पनि कार्यालय प्रमुखको हैसियतले धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !



होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

## गजुरी गाउँपालिकाको विगत र वर्तमान अवस्था तथा आगामी कार्यदिशा सम्बन्धी संक्षिप्त श्वेतपत्र:

आदरणीय गजुरीवासी दाजुभाई तथा दिदिबहिनीहरु,

नेपालको संविधानले स्थानीय तहलाई राजनीतिक तथा प्रशासनिक अधिकार प्रयोग गर्न सक्ने गरी स्वायत्तता प्रदान गरेको छ । संविधानबाट मुलुकमा बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको स्थापना भए पश्चात स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बाट गजुरी गाउँपालिकाको स्थानीय सरकार संचालन गर्न गजुरीबासी नागरिकहरूले जिम्मेवारी दिएपश्चात गजुरी गाउँपालिकाको समानुपातिक, समन्यायिक र समूचित विकास गर्न, सुशासन कायम गर्दै नागरिकमैत्री सेवा प्रवाहमा समर्पित हुँदै अगाडि बढेका छौ । हामी निर्वाचित भएको तेस्रो वर्ष सफलतापूर्वक पार गर्दै स्थानीय सरकार चौथो नीति कार्यक्रम तथा बजेट निर्माणको प्रक्रियामा रहेका छौं । आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति कार्यक्रम तथा बजेट निर्माणको निम्ति यहाँहरुको साथ सहयोग, सल्लाह तथा सुझावको निरन्तर अपेक्षा गर्दछौं । गत आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटको समीक्षा तथा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमसँगै बजेट कार्यान्वयनको बारेमा जानकारी गराउनको साथै स्थानीय सरकारको शासन, विकास, सेवा प्रवाहलाई प्रभावकारी तुल्याउनका लागी आगामी कार्यदिशाको सम्बन्धमा जानकारी गराउन गजुरी गाउँपालिकाको तर्फबाट यहाँहरुको बीचमा यो श्वेतपत्र जारी गरेका छौं।

गत आर्थिक वर्ष २०८०।०८१ मा हामीले **"दिगो विकास र आर्थिक सम्वृद्धि"** भन्ने मूल नारालाई साकार पार्न खानेपानी, सडक, सिँचाई, कृषि, व्यवसाय प्रवर्द्धन, रोजगारीको सृजना गर्ने र पर्यटन प्रवर्द्धन कार्यलाई महत्त्वका साथ अघि सारी कार्य गरेका थियौं यद्यपी संघ तथा प्रदेशबाट समयमा नै अनुदान रकम प्राप्त हुन नसकेका विगतका योजनाहरुको दायित्वको आर्थिक भार, कृषि उत्पादनको ढुवानी तथा बजार व्यस्थापनको समस्या, व्यापार व्यवसाय तथा उत्पादनशील आर्थिक गतिविधिहरुमा आएको संकुचन, विभिन्न विपद्जन्य परिस्थितिको कारण अपेक्षित नतिजा हासिल गर्न चुनौती खेपेको यथार्थ विदितै छ। यद्यपी उक्त चुनौतीलाई चिर्दै अगाडी बढेको कुरा राख्न चाहन्छौं ।

चालु आर्थिक वर्ष २०८१।८२ मा ढुंगा, गिट्टी, बालुवा र नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करमा आधारित आन्तरिक आय बन्दोबस्तीको ठेक्का लागेता पनि दररेटको आधार देखाइ ठेकेदार कम्पनीबाट अदालतमा दायर भएको विचाराधीन मुद्दाका कारण दोस्रो र तेस्रो किस्ता रकम प्राप्त हुन नसकेको तथा विगतमा लागेका ठेक्काका ठेकेदार कम्पनीहरूबाट विभिन्न बहानामा राजश्व दाखिला नगरी विभिन्न अदालतहरूमा दायर गरिएका विचाराधीन मुद्दाहरू गाउँपालिकाले खेपिरहेको यथार्थ जानकारी गराउन चाहन्छौं । साथै आर्थिक वर्ष २०८१।८२, २०८२।८३ र २०८३।८४ मा विज्ञापन कर संकलनको लागी आयठेक्काको बन्दोबस्ति भई राजस्वको थप क्षेत्र पहिचान गरि नयाँ कार्यको समेत थालनी गरिएको जानकारी गराउदछौ ।

स्थायी प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको अभाव र विद्यमान कर्मचारी व्यवस्थापनका कठिनाई सँगै पूँजीगत खर्चको मात्रामा गरिनुपर्ने बढोत्तरी तथा गुणस्तर नियन्त्रणमा परेको प्रभाव, सिमित श्रोत तथा संकुचित कर राजश्व, नदीजन्य पदार्थको ठेक्काको सम्बन्धमा मुद्दा मामिला, संघीय सरकारबाट समानीकरण,

राजस्व बाँडफाँड लगायतका अनुदानमा भएका कटौती आदिले गजुरी गाउँपालिकाको आर्थिक अवस्थामा जटिलता थपिएको छ ।

यस आ.व. २०८१।०८२ मा गजुरी गाउँपालिका रु. ६२,६०,१६,५००/- (अक्षरेपी बैसठ्ठी करोड साठी लाख सोह्र हजार पाँच सय मात्र) को योजना तथा कार्यक्रमहरु सञ्चालन भएकोमा २०८२ वैशाख मसान्त सम्म रु. ३३,३७,५०,०६८/- (५४%) खर्च भएको छ । जसमा पूँजिगत तर्फको वार्षिक बजेट रु. १६,३६,९५,०००/- मा कुल खर्च रु. ६,०६,२६,२२८/- भइ खर्च ३८ प्रतिशत र चालु तर्फको वार्षिक बजेट रु. ४६,२३,२१,५००/- मा रु. २७,२३,८४०/- खर्च प्रतिशत ६० प्रतिशत भएको छ । जसमा पूँजीगत खर्च अपेक्षाकृत न्यून रहेको छ ।

सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक आदि पूर्वाधार विकास तथा विस्तार सँगै समग्र सार्वजनिक सेवा प्रवाहलाई जनअपेक्षा अनुरूप विकसित गर्नुपर्ने सोच तथा हालको समग्र गजुरी गाउँपालिकाको वस्तुगत र धरातलीय यथार्थ बिच तादात्म्यता कायम गरी कार्यसम्पादन गर्न यो श्वेतपत्र जारी गर्दै गजुरी गाउँपालिकाले निम्नानुसार कार्यदिशा तय गरेको छ ।

१. गजुरी गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, मानवीय लगायत समग्र विकासको लागि उपलब्ध सिमित स्रोत साधनको समन्यायिक रुपमा बाँडफाँड गरी अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न, विकास कार्यलाई व्यवस्थित र समयमै सञ्चालन र सम्पन्न गर्न, सामाजिक न्याय, विकास, सुरक्षा र कल्याणकारी राज्यको अवधारणालाई आत्मसात् गरी सन्तुलित र सुनियोजित विकास गर्न पञ्चवर्षीय आवधिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सम्बन्धमा गजुरी गाउँपालिकाका पूर्व जनप्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधीहरु, संघ संस्थाका सञ्चालक तथा प्रतिनिधीहरु, व्यवसायीहरु, नागरिक समाज, विकास साझेदारहरू लगायत नागरिकहरुसँग पूर्व बजेट तयारी छलफल कार्यक्रमबाट राय, सल्लाह, सुझावहरु प्राप्त गरी जनमाग र जनहितमा आधारित नीति तथा कार्यक्रम र बजेट निर्माण गरिनेछ ।

३. चालु आ.व. को बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्दा परिवर्तित सन्दर्भअनुसार योजना तथा कार्यक्रमहरूको पुन:प्राथमिकीकरण गर्दै उपलब्ध स्रोतको उच्चतम परिचालन गरिनेछ।

४. शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासको गतिलाई तीव्र पार्न प्राथमिकता निर्धारण सहित प्रादेशिक तथा संघीय मन्त्रालयहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विभिन्न क्षेत्रमा बजेट विनियोजन गर्न गराउन पहल गरिनेछ । साथै शिक्षाको गुणस्तरमा जोड दिइनेछ ।

५. पूर्वाधार विकास अन्तर्गत सडक मर्मत तथा स्तरोन्नती गरी नागरिकलाई दैनिक जीवनयापनमा सहजता, पर्यटकीय क्षेत्रको पहिचान र विस्तार गरी पर्यटन विकास तथा प्रवर्द्धन, सामुदायिक वनमा पर्यापर्यटन योजना, जनसुरक्षाको लागि विपद् जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनको लागि विशेष जोडका साथै विकास र सेवा प्रवाहमा विज्ञान तथा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने वातावरण निर्माण गरिनेछ ।

६. संकुचित भएको व्यवसाय कर राजश्व लाई व्यापक अनुगमन, नियमन मार्फत बढाइने तथा वैज्ञानिक, व्यवहारिक र वस्तुगत ढंगबाट नदीजन्य पदार्थ उत्खनन कर र बिक्री शुल्क दुवै लगाउने गरी समयमानै आन्तरिक आय बन्दोबस्ती गरिने तथा सम्भावित अन्य स्रोतहरुको पहिचान तथा परिचालन गरिने छ।

७. **O & M Survey** मार्फत् कर्मचारीहरूको व्यवस्थापन गरिनेछ तथा कार्यसम्पादन संझौता गरिने एवं आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा कार्यान्वयन गरिनेछ साथै संघीय तथा प्रादेशिक सरकारहरूबाट प्राप्त हुने सशर्त, विशेष, समपूरक र समानीकरण अनुदानको खर्च औचित्यपूर्ण, मितव्ययी र प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अधिकार सम्पन्न र जवाफदेही संयन्त्र बनाई परिचालन गरिनेछ।

८. गजुरी गाउँपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण, चालिसेमा अस्पताल भवन निर्माणको निम्ति पहल कदमी, इलाका प्रशासन कार्यालय स्थापना, पृथ्वी राजमार्गको उपयुक्त स्थानमा ट्रमा सेवा सहितको सुविधासम्पन्न अस्पताल निर्माणको निम्ति पहल, प्राङ्गारिक मल उत्पादन कारखाना निर्माण, त्रिशुली नदिमा मोटरबोट सञ्चालन, मलेखु गजुरी घाटबेंशी र आदमघाट बजार क्षेत्रमा हाट बजारको व्यवस्थापन, पर्यापर्यटन योजनाबाट पर्यटन प्रवर्द्धन कार्य लगायतका थुप्रै योजनाहरू कार्यान्वित गराउँदै विकास तथा सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाईनेछ ।

९. पूँजीगत खर्चको मात्रा तथा गुणात्मकता अभिवृद्धि गर्न प्राविधिक कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, शाखा प्रमुखहरूलाई थप जिम्मेवार र जवाफदेही बनाउँदै अनुगमन संयन्त्रलाई चुस्त दुरूस्त बनाईनेछ। उत्कृष्ट कार्यसम्पादन गर्नेलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ।

१०. गजुरी गाउँपालिकाको प्राथमिकताको क्षेत्र, दीर्घकालीन वृहत्तर जनहितलाई मध्यनजर गर्दै अन्य सरकारी कार्यालयहरू, स्थानीय अगुवा, राजनैतिक दल, सहकारी, सहयोगी संघ संस्थाहरू तथा सरोकारवालाहरू बीच पर्याप्त समन्वय तथा सहकार्यलाई बढावा दिईनेछ ।

११. पालिकाको उत्पादनशीलता प्रवर्धन गर्दै आत्मनिर्भरता बढाउन कृषि तथा पशु सेवाको विस्तार, लक्षित वर्गमा उद्यमशीलता विकास र बजारीकरण लाई प्रोत्साहित गरिनेछ ।साथै सहकारी तथा निजी क्षेत्रको लगानी गर्ने वातावरण तयार गरि स्थानीय पूँजी विकासलाई प्रोत्साहन गरिनेछ ।

अन्त्यमा,

**"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार, समृद्ध गजुरीको बलियो आधार"** भन्ने गजुरी गाउँपालिकाको नारालाई मूर्तरूप दिन आ-आफ्नो तह र तप्काबाट महत्वपूर्ण योगदान, सल्लाह सुझाव प्रदान गर्नुहुने स्थानीय वुद्धिजीवी, अगुवा समाजसेवी, व्यवसायी, सहयोगी तथा साझेदार संघ संस्था, संचार जगत, सरोकारवाला तथा सम्पूर्ण आदरणीय गजुरीवासीहरूमा धन्यवाद प्रकट गर्दै सदैव सहकार्यको लागि आव्हान गर्दछु।

गणेशलाल श्रेष्ठ
अध्यक्ष
गजुरी गाउँपालिका

# गाउँ कार्यपालिकाका सदस्यहरू


श्री गणेशलाल श्रेष्ठ
गाउँपालिका अध्यक्ष


श्री शर्मिला बिसुराल
गाउँपालिका उपाध्यक्ष


श्री होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत


श्री तारानाथ भण्डारी
वडा अध्यक्ष, वडा नं.-१


श्री द्रोण कडेल
वडा अध्यक्ष, वडा नं.-२


श्री ऋषिलाल श्रेष्ठ
वडा अध्यक्ष, वडा नं.-३


श्री सुरेन्द्र प्रजा
वडा अध्यक्ष, वडा नं.-४


श्री गोविन्द लामिछाने
वडा अध्यक्ष, वडा नं.-५


श्री भक्त बहादुर तामाङ
वडा अध्यक्ष, वडा नं.-६


श्री बद्री प्रसाद जम्कटेल
वडा अध्यक्ष, वडा नं.-७


श्री देवराज ओझा
वडा अध्यक्ष, वडा नं.-८


श्री आयुष प्रजा
कार्यपालिका सदस्य


श्री सनक बहादुर प्रजा
कार्यपालिका सदस्य


श्री मैया डल्लाकोटी
वडा सदस्य,वडा नं.-१


श्री गंगा श्रेष्ठ
वडा सदस्य,वडा नं.-२


श्री तारा लामा
वडा सदस्य, वडा नं.-३


श्री फुलमायाँ तामाङ
वडा सदस्य, वडा नं.-४

## गजुरी गाउँ कार्यपालिकाका सदस्यहरू

| | | | | |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | ९८५१०५४१६५ |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री शर्मिला बिसुराल | सदस्य | ९८५१२७९५८४ |
| ३ | १ नं वडा अध्यक्ष | श्री तारानाथ भण्डारी | सदस्य | ९८४१३६३२६२ |
| ४ | २ नं वडा अध्यक्ष | श्री द्रोण कडेल | सदस्य | ९८५६०३१६६२ |
| ५ | ३ नं वडा अध्यक्ष | श्री ऋषिलाल श्रेष्ठ | सदस्य | ९८४३०१६७७८ |
| ६ | ४ नं वडा अध्यक्ष | श्री सुरेन्द्र प्रजा | सदस्य | ९८५१०३७७९४ |
| ७ | ५ नं वडा अध्यक्ष | श्री गोविन्द लामिछाने | सदस्य | ९८५११६६३१४ |
| ८ | ६ नं वडा अध्यक्ष | श्री भक्त बहादुर तामाङ | सदस्य | ९८५१२४८५३४ |
| ९ | ७ नं वडा अध्यक्ष | श्री बद्री प्रसाद जम्कटेल | सदस्य | ९८४१७९८०६७ |
| १० | ८ नं वडा अध्यक्ष | श्री देवराज ओझा | सदस्य | ९८५११९०७९५ |
| ११ | गाउँपालिका सदस्य | श्री आयुष प्रजा | सदस्य | ९८६१०७२११८ |
| १२ | गाउँपालिका सदस्य | श्री सनक बहादुर प्रजा | सदस्य | ९८४१६५६९६४ |
| १३ | गाउँपालिका सदस्य | श्री मैयाँ डल्लाकोटी | सदस्य | ९८४९४५५२५३ |
| १४ | गाउँपालिका सदस्य | श्री गंगा श्रेष्ठ | सदस्य | ९८६०९४९८११ |
| १५ | गाउँपालिका सदस्य | श्री तारा लामा | सदस्य | ९८६५४०४३६६ |
| १६ | गाउँपालिका सदस्य | श्री फुलमाया तामाङ | सदस्य | ९८६९३५५५१३ |

## गजुरी गाउँ सभाका पदाधिकारीहरू

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गणेशलाल श्रेष्ठ | अध्यक्ष | ९८५१०५४१६५ |
| २ | शर्मिला बिसुराल | उपाध्यक्ष | ९८५१२७९५८४ |
| ३ | तारानाथ भण्डारी | वडा अध्यक्ष | ९८४१३६३२६२ |
| ४ | कुल बहादुर सुनार | वडा सदस्य | ९८४१७४४१०४ |
| ५ | सुधिर खरेल | वडा सदस्य | ९८६६४९८८२० |
| ६ | मैया डल्लाकोटी | कार्यपालिका सदस्य | ९८४९४५५२५३ |
| ७ | लक्ष्मी नेपाली | द. महिला सदस्य | ९८०३१३९८४३ |
| ८ | द्रोण कडेल | वडा अध्यक्ष | ९८५६०३१६६२ |
| ९ | धननाथ सिलवाल | वडा सदस्य | ९८६३२०८४८३ |
| १० | रेशम थापा मगर | वडा सदस्य | ९८४९६३३२०१ |
| ११ | गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | ९८६०९४९८११ |
| १२ | सानु मिजार | द. महिला सदस्य | ९८५६०३१६६२ |
| १३ | ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | ९८४३०१६७७८ |

| | | | |
|---|---|---|---|
| १४ | मंगल बहादुर तामाङ | वडा सदस्य | ९८४५२४०२७६ |
| १५ | श्याम बहादुर चेपाङ | वडा सदस्य | ९८४९४००८९९ |
| १६ | तारा लामा | कार्यपालिका सदस्य | ९८६५४०४३६६ |
| १७ | राम माया वि.क | द. महिला सदस्य | ९८६०१४९२०२ |
| १८ | सुरेन्द्र प्रजा | वडा अध्यक्ष | ९८५१०३७७९४ |
| १९ | जयराम प्रजा | वडा सदस्य | ९८६६४३४२७५ |
| २० | श्री चक्र बहादुर थिङ तामाङ | वडा सदस्य | ९८४९००६८२४ |
| २१ | फुलमाया तामाङ | कार्यपालिका सदस्य | ९८६९३५५५१३ |
| २२ | सुक माया सुनार | दलित महिला सदस्य | ९८६९४१२१२४ |
| २३ | गोविन्द लामिछाने | वडा अध्यक्ष | ९८५११६६३१४ |
| २४ | रामशरण लामिछाने | वडा सदस्य | ९८६१७४५५३५ |
| २५ | गोविन्द चेपाङ | वडा सदस्य | ९७४६२९५५७६ |
| २६ | चमेली राइ | महिला सदस्य | ९८४१०६५९३९ |
| २७ | संगिता विक | दलित महिला सदस्य | ९८६२७७५५६१ |
| २८ | भक्त बहादुर तामाङ | वडा अध्यक्ष | ९८५१२४८५३४ |
| २९ | कवि प्रसाद दुलाल | वडा सदस्य | ९८५१३३३४२० |
| ३० | कृष्ण बहादुर चेपाङ | वडा सदस्य | ९८४४८४८९३२ |
| ३१ | संगिता चेपाङ | महिला सदस्य | ९८४१०६१८२० |
| ३२ | राम माया परियार | दलित महिला सदस्य | ९८६३६५०५८३ |
| ३३ | बद्री प्रसाद जमकटेल | वडा अध्यक्ष | ९८४१७९८०६७ |
| ३४ | कपिल श्रेष्ठ | वडा सदस्य | ९८४१२०६८७८ |
| ३५ | विकाश लामा तामाङ | वडा सदस्य | ९८४३६०७०६३ |
| ३६ | सर्मिला पराजुली | महिला सदस्य | ९८४९१८५७७५ |
| ३७ | अञ्जु बिसुन्के | दलित महिला सदस्य | ९८६१६८८७२९ |
| ३८ | देवराज ओझा | वडा अध्यक्ष | ९८५११९०७९५ |
| ३९ | नवराज बस्नेत | वडा सदस्य | ९८४००७४१२२ |
| ४० | मिलन थिङ तामाङ | वडा सदस्य | ९८५१३४६०५४ |
| ४१ | मिना लो | महिला सदस्य | ९८६२७५५७२२ |
| ४२ | राधिका रोक्का | दलित महिला सदस्य | ९८२३१८९७९५ |
| ४३ | आयुष प्रजा | कार्यपालिका सदस्य | ९८६१०७२११८ |
| ४४ | सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | ९८४१६५६९६४ |

# हाल सम्मका कार्यकारी अधिकृत/प्र.प्र.अधिकृतहरु

| क्र सं | नाम /थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | मनचन्द्र धराला | कार्यकारी अधिकृत | २०७३/११/२७ | २०७३/१२/१३ |
| २ | देवीलाल सापकोटा | कार्यकारी अधिकृत/प्र.प्र. अधिकृत | २०७३/१२/१४ | २०७५/०२/१४ |
| ३ | गोपाल प्रसाद बगाले | प्रमुख प्रशासकीय अधिकृत | २०७५/०२/१५ | २०७५/१२/१२ |
| ४ | युवराज अर्याल | प्रमुख प्रशासकीय अधिकृत | २०७५/१२/१३ | २०७७/०४/२५ |
| ५ | राजन घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | २०७७/०४/२६ | २०७८/१२/१५ |
| ६ | ध्रुब प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | २०७८/१२/१५ | २०७९/०४/१८ |
| ७ | नर बहादुर विश्वकर्मा | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०४/१८ | २०७९/६/०९ |
| ८ | लाल बहादुर योगी | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०६/१३ | २०७९/१०/१७ |
| ९ | राजु अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | २०७९/१०/१८ | २०८१/०८/१२ |
| १० | होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | २०८१/०८/१३ | हालसम्म |

# हाम्रो गजुरी गाउँपालिका

## परिचयः

बागमती प्रदेश, धादिङ जिल्लामा अवस्थित गजुरी गाउँपालिका नेपालको संविधान (२०७२) बमोजिम साविकका गजुरी, पिंडा र किरान्चोक गरी तीन वटा गाउँ विकास समितिलाई समायोजन गरी गठन गरिएको छ । यस गाउँपालिकालाई हाल ८ वटा वडामा विभाजन गरिएको छ ।करिब १३८.६६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको पूर्वमा गल्छी गाउँपालिका, पश्चिममा बेनीघाट रोराङ गाउँपालिका, उत्तरमा त्रिशुली नदीको किनार र दक्षिणमा मकवानपुर जिल्ला पर्दछ । ऐतिहासिक भनाई/किंवदन्ती अनुसार ***"तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकिकरणको समयमा गोरखाबाट नुवाकोट जाने क्रममा आफ्नो शिरको गजुर बिसाएकोले यस ठाउँको नाम गजुरी हुन गएको हो"*** । सोही साबिकको गजुरी भन्ने स्थान पछिल्लो समयमा गजुरी गाउँ विकास समिति हुँदै हाल गजुरी गाउँपालिका बनेको हो ।

## भौगोलिक अवस्थितिः

### फैलावटः

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अक्षांश | २७ डिग्री ७ मिनेट उत्तरी अक्षांश | १० | वार्षिक वर्षा | २१२० मिलिमिटर |
| २ | देशान्तर | ८४ डिग्री ९८ मिनेट पूर्वी देशान्तर | ११ | अधिकतम तापक्रम | ३० डिग्री सेन्टिग्रेड |
| ३ | पूर्वमा | गल्छी गाउँपालिका | १२ | न्यूनतम तापक्रम | १० डिग्री सेन्टिग्रेड भन्दा कम |
| ४ | पश्चिममा | बेनीघाट रोराङ गाउँपालिका | १३ | प्रदेश | बागमती |
| ५ | उत्तरमा | त्रिशुली नदी (सिद्धलेक गाउँपालिका) | १४ | जिल्ला | धादिङ |
| ६ | दक्षिणमा | मकवानपुर जिल्ला | १५ | वडा संख्या | ८ (आठ) |
| ७ | उचाई | समुन्द्री सतहबाट ३७५-२३०० मि. सम्म | १६ | केन्द्र | गजुरी -१, धादिङ |
| ८ | क्षेत्रफल | १३८.वर्ग कि ६६.मि. | १७ | निर्वाचन क्षेत्र | क्षेत्र नं १, प्रदेश सभा (ख) |
| ९ | हावापानी | समशितोष्ण | १८ | | |

### गजुरी गाउँपालिकाको प्रशासनिक नक्साः



Copyright@MoFALD

| वडा | सिमाना | |
|---|---|---|
| १ | पुर्वः गजुरी गा.पा.- ५<br>पश्चिमः गजुरी गा.पा.-२ | उत्तरः सिद्धलेक गा.पा.<br>दक्षिणः गजुरी गा.पा.-३ |
| २ | पुर्वः गजुरी गा.पा.-१,३<br>पश्चिमः बे.रो. गा.पा. | उत्तरः सिद्धलेक गा.पा.<br>दक्षिणः बे.रो. गा.पा. |
| ३ | पुर्वः गजुरी गा.पा.-४,५<br>पश्चिमः गजुरी गा.पा.-२ | उत्तरः गजुरी गा.पा.-१<br>दक्षिणः थाहा न.पा. |
| ४ | पुर्वः गजुरी गा.पा.-६,७<br>पश्चिमः गजुरी गा.पा.-३ | उत्तरःगजुरी गा.पा.-५,६<br>दक्षिणः थाहा न.पा. |
| ५ | पुर्वः गजुरी गा.पा.- ६<br>पश्चिमःगजुरी गा.पा.१,३ | उत्तरः सिद्धलेक गा.पा.<br>दक्षिणः गजुरी गा.पा.-४ |
| ६ | पुर्वः गजुरी ७ र गल्छी गापा<br>पश्चिमः गजुरी गा.पा.- ५ | उत्तरः सिद्धलेक गा.पा.<br>दक्षिणःगजुरी गा.पा.-४,७ |
| ७ | पुर्वःगजुरी ८, गल्छी गापा<br>पश्चिमः गजुरी गा.पा.- ६ | उत्तरः गजुरी गा.पा.- ६<br>दक्षिणः थाहा न.पा. |
| ८ | पुर्वः गल्छी गापा<br>पश्चिमः गजुरी गा.पा.- ७ | उत्तरःगजुरी६,गल्छी गापा<br>दक्षिणः थाहा न.पा. |

## भौगोलिक विवरण:

| | | |
|---|---|---|
| कूल जमिनको क्षेत्रफल | | : १३८६६ हे. |
| खेती योग्य जमिनको क्षेत्रफल | | : ३५५६ हे. |
| खेती गरिएको जग्गाको क्षेत्रफल | | : १८२९ हे. |
| | खेत | : ८०० हे. |
| | बारी | : १०२९ हे. |
| | सिंचित जमिन | : ३९२ हे. |

संचालित मझौला तथा ठूला सिंचाई आयोजना संख्या : ४ वटा

## प्रशासनिक भवन:

| भवन | स्थान/ठेगाना | अवस्था |
|---|---|---|
| गाउँकार्यपालिकाको भवन | गजुरी बजार | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. १ | गजुरी बजार | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. २ | गजुरी २, आँपटार | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. ३ | गजुरी ३, राक्सिङ | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. ४ | गजुरी ४, चिउरीखर्क | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. ५ | गजुरी ५, घाटबेसी | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. ६ | गजुरी ६, जरेवगैचा | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. ७ | गजुरी ७, डाँडागाउँ | निर्माण सम्पन्न पक्की भवन |
| वडा नं. ८ | गजुरी ८, कटुन्जे | निर्माण सम्पन्न पक्की भवन |

गजुरी गाउँपालिकाले हाल आफ्नै भवनबाट प्रशासनिक कृयाकलापहरू संचालन गर्दै आएको छ । नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न भई कार्यालय सर्ने अन्तिम चरणमा छ । वडा नं. १ देखि ८ वटै वडा कार्यालयको प्रशासनिक भवन निर्माण भई प्रशासनिक सेवा प्रदान गरिदै आइरहेको छ ।

## प्रमुख नदीनाला:

| | |
|---|---|
| त्रिशुली नदी | गजुरी गाउँपालिकाको प्रमुख नदीनालाहरूमा गाउँपालिकाको उत्तरी सिमानामा बाह्रैकाल बाह्रै महिना बगिरहने नेपालकै प्रथमस्तरको त्रिशुली नदीले सिद्धलेक गाउँपालिका र गजुरी गाउँपालिकाको सिमाना छुट्याएको छ । यो नदी नेपालकै मुख्य नदीहरू मध्ये एक हो । यस नदीबाट सिंचाइ खानेपानी माछापालन जलविद्युत उत्पादनमा प्रचुर संभावना रहनुका साथै पर्यटन प्रबर्द्धनका लागि पनि यो एक प्रख्यात नदी हो । |
| मलेखु खोला | गजुरी गाउँपालिका र बेनीघाट रोराङ गाउँपालिकाको सिमाना भएर बग्ने मलेखु खोला माछाको लागि प्रसिद्ध नाम हो । यही मलेखु खोलामा पाइने माछाको व्यापारबाट मलेखु बजारका होटल व्यवसायीहरूको होटल व्यवसायमा प्रत्यक्ष फाइदा पुर्याएको छ । |

| | |
|---|---|
| गलौंदी खोला | गजुरी गाउँपालिकाको वडा नं.१ र वडा नं. ५ लाई सिमाना बनाएर बग्ने खोला गलौंदी खोला हो । यस खोलामा बाह्रै महिना पानीको बहाव राम्रो भएको कारण हजारौ रोपनी जग्गा जमिनमा सिंचाईको सुविधा भएको कारण सयौ किसानहरू अन्नबाली तथा तरकारी उत्पादनबाट आर्थिक लाभ लिइरहेका छन् ।गजुरी बजारको खानेपानीको मुख्य श्रोतको रूपमा यहि खोलाको पानी प्रयोग हुँदै आइरहेको छ । |
| दरियाल खोला | गजुरी गाउँपालिका वडा नं.५ र वडा नं.६ को सिमाना बनाएर बग्ने यो खोला पिडा, राम्चे, बगौती मुलाखर्क स्याङ्मेडाँडाका किसानहरूको हजारौ रोपनी जग्गा सिंचाई तथा खानेपानीको मुख्य श्रोत हो । यो खोला बग्दै गए पछि बेल्खुखोलामा गएर मिसिन्छ । |
| बेल्खु खोला | गजुरी गजुरी गाउँपालिका वडा नं.७ र वडा नं.८ को सिमाना बनाएर बग्ने यो खोला किरानचोकका किसानहरूको सिंचाईको मुख्य पानीको श्रोत हो । पानीको बहाव क्षमता बढी भएकै कारण यस खोला बाट लघु जलविद्युत संचालनमा समेत ल्याईएको छ । |

## प्रमुख पर्यटकीय स्थल:



| | |
|---|---|
| तुदी झरना | पृथ्वी राजमार्गस्थित मलेखुबाट करिव १० कि.मी. को यात्रा तथा गजुरी गाँउपालिका वडा नं २ को डुडेठाँटीबाट करिब ३ किलोमिटरको दुरीमा यो झरना रहेको छ । प्राकृतिक रुपले पनि भरिपूर्ण रहेको तुदी झरनामा पछिल्लो समय आन्तरिक पर्यटकको संख्या दिनानुदिन बढ्दै गएको छ ।पहिले खासै यसको प्रचार प्रसार नभएता पनि कोरोना पछि यो झरनाको चर्चामा आएको हो । पछिल्लो समय दिनहुँ जिल्ला भित्रकै आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । |
| थाम भञ्याङ | गजुरी गाउँपालिका र बेनीघाट रोराङ गाउँपालिकाको सिमाना रहेको थाम भञ्याङ बाह्य तथा आन्तरिक पर्यटनको लागि पछिल्लो समय चर्चामा रहेको छ । यहाँ जानको लागि गजुरी गाउँपालिकाको वडा नं. ६ को आदमघाटबाट करिव २० किलो मिटर, घाटबेशीबाट १७ किलोमिटर र गजुरी गाउँपालिका वडा नं. २ चालिसेबाट करिव १५ कि.मि. यात्रा पछि पुग्न सकिन्छ । पछिल्लो समयमा यो ठाउँ आन्तरिक पर्यटनको लागि प्रसिद्ध रहेको छ । यहाँबाट गणेश हिमाल लाङटाङ हिमाल लगायतका अन्य हिमालहरूको रमणिय दृश्यहरू अबलोकन गर्न सकिन्छ ।बिदाको समयमा गजुरी आदमघाट मलेखु लगायतका स्थानहरूबाट घुमघाम तथा मनोरञ्जनको लागि आउने गर्दछन् । |

| | |
|---|---|
| वापचुली जात्रा | गजुरी गाउँपालिकाको वडा नं. ३ र वडा नं. ४ को सिमानामा रहेको वापचुली पर्यटकीय स्थल गजुरी गाउँपालिकाको मनोरम दृश्य अवलोकनको लागि महत्वपुर्ण गन्तव्य हो ।यहाँको जानको लागि गजुरी गाउँपालिकाको आदमघाट र गजरी गाउँपालिकाकै चालिसे बाट जान सकिन्छ । गाउँपालिकाको अग्लो स्थानमा रहेको यस ठाउँबाट मनोरम हिमालका दृश्यहरूको अवलोकन गर्न सकिनुका साथै ठुलो चउरको वीचमा रहेको महादेव मन्दिरको दर्शन समेत गर्न सकिन्छ । यहाँ हरेक बर्ष फागुपुर्णिमाको दिन स्थानीय जात्रा लाग्ने गर्दछ । |
| खैलिङ जात्रा | गजुरी गाउँपालिकाको वडा नं.४ को दक्षिणी भेगमा रहेको यो पर्यटकीय स्थल स्वस्छ हावापानी र सेता हिमालहरूको मनोरम दृश्य अवलोकनको अर्को गन्तव्य हो । धार्मिक तथा साँस्कृतिक दृष्टिकोणले पनि यो ठाउँले महत्वपर्ण स्थान लिएको छ । यहाँ हरेक वर्ष फागु पुर्णिमाको पञ्चकमा खैलिङ जात्रा लाग्ते गर्दछ । जात्रामा यहाँका तामाङ तथा चेपाङ समुदायका नाचगान तथा झाँकीहरू प्रर्दशन गर्ने गरिन्छ । |
| सोनावाङ झरना | पृथ्वीराजमार्ग देखि करिब १८ किलो मिटर टाढा गजुरी गाउँपालिका वडा नं. ४ स्थित गहुँखोला नजिकै रहेको यस झरना धार्मिक तथा पर्यटकीय दृष्टिले महत्व बोकेको भएता पनि यसको उचित संरक्षण तथा प्रचार प्रसारको अभावमा छायाँमा परेको अवस्था छ । यस स्थान सम्म पुग्ने पैदलयात्रा का लागि सिढीहरू तथा मर्मत संभार गरिने हो भने यो झरना छोटो दुरीको लागि मनोरञ्जनको लागि नुहाउने पौडिने फोटो खिच्ने जस्ता कृयाकलापका लागि महत्वपुर्ण गन्तब्य बनाउन सकिन्छ । |
| लामाचिरा जात्रा | पृथ्वी राजमार्गदेखि करिब १० किलोमिटर भित्र गजुरी गाउँपालिका वडा नं ८ स्थित लामाचिरा महादेव मन्दिर धार्मिक र पौराणिक दृष्टिले महत्व बोकेको हुँदा महाशिवरात्रीको मेलामा यहाँ नजिक रहेका हिन्दु धार्मिक आस्था राख्ने ब्रतालुहरू लगायत आफ्ना परिवारको दिवंगत आत्माको चिरशान्तिको कामनाको निमित्त ३ वर्षसम्म निरन्तर बत्ति बाल्नेहरू रातभर जागराम बसी पूजाअर्चना गर्ने र अन्य धार्मिक आस्था राख्नेहरू पनि सो जात्रामा सहभागी भई सांस्कृतिक कार्यक्रमहरू उपस्थित हुने गरेका छन् । |

## प्रमुख धार्मिक स्थल:

| वडा नं. | धार्मिकस्थलहरू | स्थान | धार्मिकस्थलहरू | स्थान |
|---|---|---|---|---|
| १ | कंकाल्नी मन्दिर | कंकाल्नी डाँडा | रूद्रेश्वर मन्दिर | बाङ्गे |
| | कालिका मन्दिर | कालिका स्थान | सिद्धेश्वर महादेव मन्दिर | गजुरी |
| | पत्तालिनी मन्दिर | आधामारा | पुनरूत्थान चर्च | गजुरी |
| २ | बागेश्वरी मन्दिर | चालिसे | रणेश्वर महादेब मन्दिर | छेपाङ |
| | जलदेवी मन्दिर | बाबरीघारी | टसिछोइलिङ गुम्बा | गुम्बा डाँडा |
| | भद्रकाली मन्दिर | मलेखु | पुनरूत्थान चर्च | रातमाटे |
| | भुमेकाली मन्दिर | भुमेडाँडा | | |
| ३ | मंकाल्नि मन्दिर | भलायोखर्क | महादेब मन्दिर | वाल्सिङ |
| | भिमसेन थान मन्दिर | हटिया | काजको गुम्बा | वापचुली |

| | | | | |
|---|---|---|---|---|
| | पाँचकन्या मन्दिर | तार्के | मैत्री मंगलम गुम्बा | अपचुली |
| ४ | कर्माछोइलिङ गुम्बा | गैरीगाउँ | कोन्जोसोङ गुम्बा | बालुवाडाँडा |
| | भिरकटेरी चर्च | भिरकटेरी | चिउरीखर्क चर्च | चिउरीखर्क |
| ५ | पिण्डेश्वरी देवी मन्दिर | गजुरी पिंडा | पुनरूत्थान चर्च | मानेभन्ज्याङ |
| | जल्पादेवी मन्दिर | छविसे | धार्मिकता मण्डली चर्च | च्याङली |
| | बासुकी मन्दिर | मानेभन्ज्याङ | भिमसेनथान मन्दिर | गलैंदी |
| | राधा कृष्ण मन्दिर | घाटबेशी | बागेश्वरी मन्दिर | राईगाउँ |
| ६ | बेल्खु राधा कृष्ण मन्दिर | बेल्खु | केदारेश्वर महादेव मन्दिर | आदमघाट |
| | जलेश्वर महादेव मन्दिर | जरेखेत | इन्द्रदेवी मन्दिर | बन्छेटार |
| | बागेश्वरी मन्दिर | जुंडीखेत | महाकाली मन्दिर | बान्द्रेडाँडा |
| | पञ्चकन्या मन्दिर | पातल | स्यामैडाँडा बत्तिस मण्डली | स्यामैडाँडा |
| | जलेश्वर मन्दिर | अमलटारी | भस्मेखोला पुनरजीवन चर्च | भस्मेखोला |
| ७ | गारापारे महादेव मन्दिर | गरापारे | शिव मन्दिर | कुपिण्डे |
| | पञ्चकन्यादेवी | स्याङमै डाँडा | मञ्चकन्यादेवी | कुपिण्डे |
| | रणकालिका मन्दिर | देउराली | बागेश्वरी काली देवी मन्दिर | माथिल्लो पेटारे |
| | बगैचा शिव मन्दिर | बगैचा | गणेशस्थान मन्दिर | डाँडागाउँ |
| | तिलार लोडाछ्यालुङ गुम्बा | तिलार | जलदेवी मन्दिर | जैसिटार |
| | रक्तकालि थानीमाइदेवी मन्दिर | डाँडागाउँ | हलोगाँडेदेवी मन्दिर | भदौरे |
| | रक्तकाली देवी मन्दिर | कुपिण्डे | रक्तकालि मन्दिर | भालुखोप |
| ८ | लामाचिरा महादेव मन्दिर | लामाचिरा | जंघारे बालकृष्ण मन्दिर | जंघार |
| | सेतीदेवी मन्दिर | चैनपुर | बेलेश्वरी महादेव मन्दिर | बेलेश्वर |
| | चम्पाकालिका मन्दिर | | दोभाने माहादेव मन्दिर | पाखुरे |
| | नारायण मन्दिर | प्रवाङ | सिंह महादेव मन्दिर | थुम्कीडाँडा |
| | शिव मन्दिर | ओझागाउँ | थुम्किडाँडा गुम्बा | थुम्कीडाँडा |
| | देवी स्थान मन्दिर | सल्ले | रिष्ठुकादेवी मन्दिर | मजुवा |
| | राधाकृष्ण मन्दिर | भञ्ज्याङ | | |

गजुरी गाउँपालिका भित्र रहेका महत्वपूर्ण धार्मिक स्थलहरू रहेका छन । मध्ये वडा नं. ३ मा कंकाली माईको मन्दिर वडा नं. ५ मा पिण्डेश्वरी माई र वडा नं. ८ मा रहेको लामाचिरा महादेव मन्दिर प्रसिद्ध रहेका छन् । किरानचोकमा रहेको किरौंतेश्वर महादेवको मन्दिरमा लामाचिरा जात्रामा हरेक मंसिरको पूर्णिमाको दिन हजारौं भक्तजनहरूको घुंईचो लाग्नुका साथै जात्रा महोत्सव पनि हुने गरेको छ ।

**जनसंख्याको विवरण:**

| विवरण | तथ्याङ्क |
|---|---|
| कूल जनसंख्या | २८,६३४ जना |
| पुरूष जनसंख्या | १४,३२६ जना |
| महिला जनसंख्या | १४,३०८ जना |
| परिवारको औसत आकार | ४.१९ |
| लैंगिक अनुपात | १००.१३ |
| वार्षिक जनसंख्या वृद्धिदर | ०.५३ |
| जनघनत्व | २०७ जना प्र.व.कि.मि. |
| कूल परिवार संख्या | ६,८३९ जना |
| साक्षरता दर | ७२.९१ प्रतिशत |
| पुरूष साक्षरता दर | ७८.६० प्रतिशत |
| महिला साक्षरता दर | ६७.२१ प्रतिशत |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

**समायोजित वडाको विवरण:**

नेपाल सङ्घीयतामा गईसकेपछी गजुरी गाउँपालिकाको हालको वडा तपसिलको साविक गा.वि.स.को वडाहरू समेटी निर्धारण गरिएको छ ।

| वडा नं. | साबिकको वडा | साबिकको गा.वि.स. |
|---|---|---|
| १ | १,३ | गजुरी |
| २ | २,४,८ | गजुरी |
| ३ | ५,६,७,९ | गजुरी |
| ४ | ७,८,९ | पिंडा |
| ५ | २,४,५ | पिंडा |
| ६ | १,३,६ | पिंडा |
| ७ | ६,७,८,९ | किरानचोक |
| ८ | १,२,३,४,५ | किरानचोक |

## यातायात:

गजुरी गाउँपालिकाको सम्पूर्ण वडाहरूमा कच्ची मोटर बाटो पुगिसकेको छ ।वडा नं. १ गजुरी बजार देखि भदौरे सम्म ३.५ कि.मि., वडा नं. २ चालिसे देखि बेलभञ्याङ सम्म १ कि.मि., वडा नं.६ आदमघाट देखि मिलनटार सम्म करिब ३ कि.मि., वडा नं. २ मलेखु देखि ढाँडे सम्म करिव ७ कि.मि पक्की मोटर बाटो बनिसकेको छ । हाल बागमती प्रदेश सरकारको बजेटले वडा नं. ६ मिलनटार देखि वडा नं. ५ सम्मको लिस्नुफेदी सम्म करिब १४ कि.मि. पक्की सडक निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । त्यसै गरी गजुरी गा.पा. वडा नं. ६ को मिलनटारबाट वडा नं. ८ को कार्यालय सम्म करिब ४ कि.मि. पक्की सडक प्रदेश सरकारको बजेटबाट निर्माण कार्य निरन्तर भइरहेको छ ।

## संचार:

गजुरी गाउँपालिकाको ८ वटै वडाहरूमा संचारको पहुँच पुगेको छ ।

## खानेपानी:

गजुरी गाउँपालिकाको एक घर एक धारा अभियानमा कार्य तीव्र गतिमा अगाडी बढिरहेको छ ।

## विद्युत:

गजुरी गाउँपालिकाको ८ वटै वडाहरूमा विद्युतको पहुँच ९९ प्रतिशत पुगेको छ ।

# गाउँपालिकाको गतिविधिहरु

## राजस्व सङ्कलनलाई प्रभावकारी बनाउने सम्बन्धमा वडास्तरीय अभिमुखीकरण कार्यक्रम

गजुरी गाउँपालिकाको राजस्वको दायरा बढाउने, राजस्व संकलन अभियानलाई सहयोग र सार्थक बनाउने उद्देश्यले वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा जनप्रतिनिधि, व्यवसायीहरु लगायत सरोकारवालाहरुको उपस्थितिमा राजस्व सङ्कलनलाई प्रभावकारी बनाउनको निम्ति आफ्नो तर्फबाट उल्लेख्य भूमिका निर्वाह गर्ने गरी सामूहिक प्रतिवद्धता गरिएको छ ।





## करदाता पहिचान सम्बन्धमा घरदैलो सर्वेक्षण कार्यक्रम

गजुरी गाउँपालिका भित्रका करदाताहरुको पहिचानको निम्ति बजार क्षेत्रहरु: गजुरी-२ स्थित मलेखु, चालिसे, बिहानी पम्प बजार, गजुरी-१ गजुरी बजार, गजुरी-५ घाटबेसी बजार र गजुरी-६ स्थित आदमघाट बजार क्षेत्रमा मुख्य गरि व्यवसाय कर, घरबहाल करको करदाता पहिचानको निम्ति घरदैलो सर्वेक्षण कार्यक्रम सम्पन्न गरिएको छ। उक्त सर्वेक्षणबाट प्राप्त प्रतिवेदनको आधारमा करदाताहरुबाट कर उठाउने प्रवन्धका निम्ति गाउँपालिका अग्रसर रहेको छ ।






## गजुरी गाउँपालिकाको पञ्चवर्षीय आवधिक विकास योजना तर्जुमा कार्यक्रम

गजुरी गाउँपालिकाको पञ्चवर्षीय आवधिक विकास योजना तर्जुमाका लागि जनप्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरु, शैक्षिक संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सहकारी संघसंस्थाका पदाधिकारी, व्यवसायीहरु, बौद्धिक व्यक्तित्वहरु लगायतका सरोकारवाला व्यक्ति तथा निकायहरुको उपस्थितिमा कार्यशाला गोष्ठी सञ्चालन भएको छ ।





## बेनीघाट रोराङ गाउँपालिकालाई शिक्षाका लागी भिक्षा कार्यक्रममा आर्थिक सहयोग



बेनीघाट रोराङ गाउँपालिकाद्वारा सञ्चालित बेनीघाट रोराङ गाउँपालिकाको शैक्षिक उत्थान गर्ने प्रयोजनार्थ **"शिक्षाको लागी भिक्षा"** नारा सहित आमाबुवा नभएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लालन-पालन पोषण र शिक्षा दिक्षा सुनिश्चित गर्न, विपन्न दलित सिमान्तकृत चेपाङ समुदायको आर्थिक सामाजिक रुपान्तरण गर्न, गरिबी र बञ्चितिकरणको पुस्तान्तरण चक्रलाई तोड्न, बालबालिकाको भोक मेटाउने गरि पेटभरि खाएर पढ्न पाउने हक सुनिश्चित गर्ने, बाल अधिकारको संरक्षण गर्ने लगायतका उद्देश्यका साथ मिति २०८१ माघ १७ गते देखि २३ गते सम्म श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ सञ्चालन भएकोमा उक्त शैक्षिक उत्थानको निम्ति गजुरी गाउँपालिकाको तर्फबाट रु. १५,९९,९९९/- (अक्षरेपी पन्ध्र लाख उनान्सय हजार नौ सय उनान्सय मात्र) योगदान गरिएको छ ।

## श्री पिण्डेश्वरी मा.वि. लाई शिक्षामा दान अभियानमा आर्थिक सहयोग



गजुरी गाउँपालिका ४ नं वडा कार्यालय र श्री पिण्डेश्वरी माध्यमिक विद्यालय गैरीगाउँको संयुक्त आयोजनामा मिति २०८२ वैशाख ६ गतेदेखि १३ गतेसम्म श्री पिण्डेश्वरी माध्यमिक विद्यालयको प्राङ्गणमा उक्त विद्यालयको चौतर्फी विकास एवं +२ संचालनको उद्देश्यले आयोजित श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ-२०८२ मा शैक्षिक उत्थानको निम्ति गजुरी गाउँपालिकाको तर्फबाट रु. २१,११,१२१/- (अक्षरेपी एक्काईस लाख एघार हजार एक सय २१ मात्र) योगदान गर्ने घोषणा भएको छ ।

## स्वास्थ्य सेवा प्रवाहमा तृतीय स्थान हासिल



आ.व. २०८०/८१ मा गजुरी गाउँपालिकाद्वारा प्रदान गरिएको स्वास्थ्य सेवाको मूल्यांकनका सन्दर्भमा भएको बागमती प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा आयोजित जिल्ला स्तरीय समीक्षा कार्यक्रममा विभिन्न सूचकाङ्कका आधारमा धादिङ जिल्लाका १३ स्थानीय तहमा गरिएको वार्षिक मूल्यांकनमा गजुरी गाउँपालिका तृतीय स्थान हासिल गर्न सफल भएको छ ।

## फाइबर तारमार्फत इन्टरनेट जडान

गजुरी-७ को माथिल्लो भेग पेटारेमा रहेको पेटारे आधारभूत स्वास्थ्य सेवा केन्द्रमा भौगोलिक विकटताको कारणले मोबाइल नेटवर्क र वायरलेस सेवाको पनि सहज पहुँच नहुँदा इन्टरनेटको अभाव भई स्वास्थ्य सेवा सम्बन्धी eHMIS सफ्टवेयर संचालनमा प्रभाव परेको अवस्थामा सो स्थानमा फाईबर तारमार्फत इन्टरनेट जडान गर्नको लागि सम्भाव्यता अध्ययन भई १५ औं गाउँसभाबाट बजेट विनियोजन गरी द्रुत गतिमा कार्य भएको छ । साथै सोही बजेटको अधिनमा रही उक्त स्थानका नजिक रहेका वडा नं ७ र ८ का माथिल्ला भेगका सबै विद्यालयहरूमा इन्टरनेट जडान भएको र सो क्षेत्रका स्थानीय बासीले समेत उक्त इन्टरनेट जडान गरी लाभ लिन सक्ने अवस्था छ ।

## द भ्वाइस अफ नेपाल सिजन-६ का विजेतालाई सम्मान कार्यक्रम

गजुरी गाउँपालिका वडा नं २ स्थायी निवासी श्री प्रोशेश पाण्डे हिमालयन टेलिभिजन मार्फत प्रसारित चर्चित रियालिटी सो "द भ्वाइस अफ नेपालको सिजन ६" को टप-१२ मा पुगेसँगै निजलाई गजुरी गाउँपालिकाले भोटिङ्ग प्रयोजनार्थ रु १ लाख रुपैयाँ बराबरको भोटिङ्ग सहयोग प्रदान गरेको छ । साथै "द भ्वाइस अफ नेपाल सिजन-६" को उपाधि विजेता बन्न सफल भएकोमा प्रोशेश पाण्डेलाई बधाई, सम्मान र शुभकामना व्यक्त गर्नका लागि मिति २०८२ साल वैशाख २९ गते गजुरी गाउँपालिका आयोजक भई आदर्श मा.वि. मा विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, कलाकार, पत्रकार लगायत विभिन्न व्यक्तिहरुको आतिथ्यतामा बधाई तथा सम्मान कार्यक्रम सम्पन्न गरियो ।







## सहिद शान्तिपार्क निर्माणका लागि सम्भाव्यता अध्ययन

गजुरी गाउँपालिका वडा नं ७ स्थित श्री वुद्ध सामूदायिक वनको कार्ययोजना नवीकरण र पर्यापर्यटन योजना कार्यान्वयन भएको छ । सो योजना प्रदेश सशर्त अनुदान अन्तर्गत सहिद शान्तिपार्क निर्माण गजुरी ७ रहेको छ ।

## विपद व्यवस्थापनका निम्ति दमकलको व्यवस्था

आकस्मिक विपदबाट हुने आगलागीजन्य घटनाहरूबाट हुन सक्ने भौतिक तथा मानवीय क्षति कम गर्ने उद्देश्यले गजुरी गाउँपालिका, बेनीघाट रोराङ गाउँपालिका, सिद्धलेक गाउँपालिकाको संयुक्त लगानीमा दमकल (वारूण यन्त्र) खरिद गरिएको छ ।



## गजुरी प्राथमिक स्वास्थ्य सेवा केन्द्रको सवलीकरणका लागि छलफल

गजुरी गाउँपालिकाको आयोजनामा गजुरी १ मा रहेको गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा बढ्दो बिरामी चापको व्यवस्थापन र गुणस्तरीय सेवा प्रवाहका लागि सिद्धलेक गाउँपालिका, बेनीघाट रोराङ गाउँपालिका, गल्छी गाउँपालिका र गण्डकी गाउँपालिकासँग समन्वय र आवश्यक कार्ययोजना निर्माण सम्बन्धी छलफल भएको छ ।




## फिसिङ पोइन्ट निर्माण

गजुरी गाउँपालिकाले आन्तरिक र बाह्य पर्यटक भित्र्याई आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिएको फिसिङ पोइन्टको गजुरी ५ घाटबेसी बाङ्गेमा निर्माण कार्य भइरहेको छ ।



## फोहोरमैला व्यवस्थापन तथा सरसफाई केन्द्रको स्थापना

गजुरी गाउँपालिका वडा नं ६ स्थित बान्द्रेडाँडामा फोहोरमैला व्यवस्थापन केन्द्रको संरचना निर्माणका लागि ठेक्का प्रकृया मार्फत जमिन सम्याई ट्रष्ट (होल्डिङ युनिट) निर्माण कार्य भईरहेको छ ।



## चाडपर्व लक्षित यातायात व्यवस्थापनमा सहजिकरण

गत वर्षको विजयादशमी तथा तिहार चाडपर्वको समयमा राजधानी लगायत विभिन्न ठाउँबाट जन्मथलो फर्किनुहुने यस गाउँपालिकाका ग्रामीण क्षेत्रका यात्रुहरूलाई बेलुकी तथा रात्री समयमा गन्तव्य पुग्न सवारी साधन उपलब्ध नभएको अवस्थामा सहजताका लागि गाउँपालिकाले सम्भव भएसम्म पायक स्थान सम्म पुग्ने गरी सवारी व्यवस्थापन गरी गन्तव्य पठाउन आवश्यक प्रबन्ध गरेको छ ।



गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं.
मिति:२०८१/६/२०

यातायात व्यवस्थापनका लागि सहजिकरण गरिने सम्बन्धी सार्वजनिक सुचना

प्रस्तुत विषयमा आसन्न विजयादशमीको पावन अवसरमा राजधानी लगायत विभिन्न ठाउँबाट जन्मथलो फर्किनुहुने यस गाउँपालिकाका ग्रामीण क्षेत्रका यात्रुहरुले बेलुकी तथा रात्री समयमा गन्तव्य पुग्न सवारी साधन उपलब्ध नभएमा देहायको कर्मचारीहरु संग सम्पर्क गर्नुहुन जानकारी गराइन्छ। सम्पर्क पश्चात गाउँपालिकाले संभव भएसम्म पायक स्थान सम्म पुग्ने गरि सवारी व्यवस्थापन गरि गन्तव्य पठाउन आवश्यक प्रबन्ध गरिने व्यहोरा समेत सबैमा जानकारी गराउँदै आवश्यक समन्वयका लागि सबैमा अनुरोध गरिन्छ ।

सेवा संचालन मिति २०८१ असोज २२ देखि २५ सम्म

| सि.नं. | क्षेत्र | कर्मचारीको नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | आदामघाट हुँदै वडा नं ६ को माथिल्लो भेग, वडा नं ७/८ तथा वडा नं ५ को माथिल्लो क्षेत्र जाने यात्रुहरु | राजकुमार घिमिरे- गाउँपालिका प्रहरी | ९८६०७९६६४५ | अन्य थप जानकारीका लागि गापा प्रहरी प्रमुखको सम्पर्क नम्बर ९७६८४२४५०० मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ । |
| २ | घाटबेशि बजारबाट माथिल्लो भेगमा जाने यात्रुहरु | कृष्ण ब. भुजेल-गाउँपालिका प्रहरी | ९७४५९७००४३ | |
| ३ | गजुरी बजारबाट माथिल्लो भेगमा जाने यात्रुहरु | हरि उप्रेति-गापा प्रहरी | ९७४२५३०२७८ | |
| ४ | चालिसेबाट माथिल्लो भेगमा जाने यात्रुहरु | प्रदिप अर्याल- गाउँपालिका प्रहरी | ९८४५८७४४८८ | |
| ५ | मलेखु बजारबाट माथिल्लो क्षेत्रमा जानुहुने यात्रुहरु | पुजन प्रजा- गाउँपालिका प्रहरी | ९८४०१९९१३३ | |

गणेशलाल श्रेष्ठ
अध्यक्ष

फोन नं. ०९७७-०१०-४०२०६३, ४०२१४५ ईमेल: info@gajurimun.gov.np वेबसाइट: www.gajurimun.gov.np

## विपद्को क्षतिको विवरण संकलनका लागि आपतकालीन डेस्क सेवा संचालन

गत असोजको १०-१२ गते सम्म परेको अविरल वर्षाको कारण बाढी/पहिरोले ८ वटै वडाहरूको करिब २४९ घरधुरीमा आंशिक क्षति र १६ घरधुरीमा पूर्ण क्षति भयो । उक्त विपद्को घडीमा गजुरी गाउँपालिका अन्तर्गतका मानव बस्ती, विद्यालय, पार्टीपौवा, चौतारो, खानेपानीको मुहान लगायतमा भएका क्षतिको आँकलन गरी राहत वितरण प्रयोजनार्थ तथ्याङ्क संकलन गर्न आपतकालीन डेस्क तथा विद्युतीय सेवा संचालन गरेको छ ।



गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं.
मिति: २०८१/६/१३

विपद्जन्य क्षति विवरण जानकारीका लागि विद्युतीय सेवा संचालन गरिएको बारे ।

प्रस्तुत विषयमा विगत केहि दिन देखि परेको भारी वर्षाको कारणले देशका अन्य भूभागमा जस्तै गजुरी गाउँपालिका क्षेत्रमा समेत व्यापक क्षति पुऱ्याएको विषय विदितै छ । क्षतिको तथ्यांक संकलनका लागि स्थलगत निरीक्षण विधि मात्रै अपनाउँदा धेरै समय लाग्ने देखिएकाले वैकल्पिक विधिको रुपमा WhatsApp तथा Viber लगायतका विधिबाट क्षतिको विवरण संकलन हुने व्यवस्था गरिएको व्यहोरा जानकारी गराउँदै विपद् बाट भएको क्षति देखिने फोटो तथा नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने अन्य केहि कागजातको स्पष्ट देखिने फोटो खिचि देहायको नम्बरमा WhatsApp वा Viber गर्नुहुन वा गजुरी गाउँपालिकाको फेसबुक पेजमा म्यासेज गर्नुहुन गाउँपालिका बासी सबैमा कार्यालय हार्दिक अनुरोध गर्दछ । साथै तथ्याङ्क संकलन कार्य सकिएपश्चात् सत्यापन परिक्षणका लागि शिघ्र विधिबाट एकमुष्ठ रुपमा वडा कार्यालय र प्रहरी कार्यालयमा पठाइ लाभग्राहि एकिन गरिने समेत जानकारी गराइन्छ ।

WhatsApp तथा Viber नम्बर: ९८५१३६३०४७ / ९८५१३६३०५६
क्षति विवरण टिपाउने समयावधि: २०८१ असोज १४ र १५ गते भित्र
नम्बर संचालनमा रहने समय: बिहान ६ बजेबाट बेलुका ६ बजेसम्म ।

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

साथै वडा कार्यालयमा गइ विवरण टिपाउन सहज हुनेका लागि उक्त सुविधा कायमै रहेको विषय जानकारी गराउँदै यस सम्बन्धमा केहि गुनासा भएमा कार्यालय प्रमुखको नम्बर ९८५१३३८३६२ मा समेत सम्पर्क गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

फोन नं. ०९७७-०१०-४०२०६३, ४०२१४५ ईमेल: info@gajurimun.gov.np वेबसाइट: www.gajurimun.gov.np

## चिउरी संरक्षण कार्यक्रम

संविधानको धारा-५६ को उपधारा (५) बमोजिम सामाजिक, साँस्कृतिक संरक्षण वा आर्थिक विकासको लागि विशेष संरक्षित क्षेत्र निर्धारण गरी गजुरी गाउँपालिका वडा नं. १,२,३,४,५ र ६ मा कार्यक्रम संचालन गरिएको छ । चेपाङ, चिउरी र चमेरो संरक्षण कार्यक्रम बागमती प्रदेश सरकार र गजुरी गाउँपालिकाको सहकार्यमा संचालित संझौता भई हाल कार्यान्वयनको चरणमा रहेको छ । यस कार्यक्रमबाट अति सिमान्तकृत जनजाति चेपाङ जातिको आर्थिक सामाजिक र साँस्कृतिक संरक्षणमा टेवा पुग्नेछ ।

## गजुरी आँखा शिविर

गजुरी गाउँपालिकाको आयोजनामा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, तिलगंगा शल्यक्रिया आँखा केन्द्र धादिङ र शहरी आँखा केन्द्र गजुरीको संयुक्त प्राविधिक सहयोग तथा स्थानीय संघ संस्थाहरूको सहकार्यमा यहि चैत्र देखि वैशाखसम्मका विभिन्न मितिमा सबै वडाका आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा स्वास्थ्य चौकीहरूमा मोतिविन्दु छनौट आँखा शिविर संचालन गरियो । उक्त शिविरहरूमा मोतिविन्दु शल्यक्रियाका लागि छनौट भएका १०२ जना बिरामीहरूको आदर्श बहुमुखी क्याम्पस गजुरीमा २०८२ वैशाख २६ र २७ गते भएको नि:शुल्क अपरेशन सहितको शिविरमा सफल शल्यक्रिया भएको छ ।






## विपद् व्यवस्थापन





गजुरी गाउँपालिका पनि बाढी/पहिरो विपद्बाट टाढा रहन सकेन । असोज १०-१२ गते सम्म परेको अविरल वर्षाले ८ वटै वडाहरुको टोल/बस्तीहरुमा बाढी/पहिरोले करिब २६५ घरधुरीमा आंशिक तथा पुर्ण क्षति भयो । नेपाल सरकारले विपद् ग्रसित गाउँपालिका घोषणा गरेकोमा 'क' वर्गमा घोषणा भएसँगै संघीय सरकारबाट ५० लाख र बागमती प्रदेश सरकारबाट १५ लाख गरी जम्मा ६५ लाखको विपद् व्यवस्थापन खर्चमा अनुदान प्राप्त भएको थियो। उक्त रकमबाट विपद् सामग्रीहरु खरिद गरी लाभग्राहीहरुलाई वितरण गरिएको थियो ।

गाउँपालिकाका १६ घरधुरीको घर पुर्ण रुपमा क्षति भई तत्कालिन राहत उपलब्ध गराई पुनर्स्थापना/पुनर्निर्माणको लागि जिल्ला प्रशासन कार्यालय धादिङ मार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गरिएको छ । गाउँपालिका भित्रका २४९ लाभग्राहीहरुको घर/गोठको आँगन भत्केका तथा त्रिशुली नदी कटान भएका बस्तीको लाभग्राहीलाई ग्याबियन जाली र सिमेन्ट, खानेपानीमा क्षति भएका लाभग्राहीलाई पाईप सामग्रीहरु उपलब्ध गराई स्वंयम् लाभग्राहीहरुलाई साझेदारीमा काम गर्न लगाई जन, धनको क्षति कम गर्न टेवा पुर्याएको छ ।

## आगलागी पिडीतलाई सहयोग

गजुरी गाउँपालिका वडा नं. २ बितलव निवासी श्री भरत वि.क. र खुमराज वि.क. को घरमा मिति २०८१/१२/१६ गते आगलागी भइ घर जलेर अन्नपात तथा कपडा पूर्ण जलेकोमा सोही दिन अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षज्यूको सम-उपस्थितिमा खाद्यान्न, लत्ताकपडा र भाँडाकुडा सहयोग गरिएको छ ।





## उत्कृष्ट कर्मचारी सम्मान

मिति २०८१ फागुन २८ गते आयोजित गजुरी गाउँपालिका, गाउँ सभाको १५ औं अधिवेशनको अवसरमा कार्यालयप्रतिको इमान्दारिता, लगनशिलता र कार्यसम्पादनको आधारमा गजुरी गाउँपालिकाका कार्यालय सहयोगी श्री चामे मगरलाई उत्कृष्ट कर्मचारीको रुपमा रु. २५,०००/- नगद र प्रमाणपत्र सहित सम्मान गरियो ।



# शिक्षा, युवा तथा खेलकुद शाखा

## शिक्षक हाजिरी जवाफ प्रतियोगिता संचालन






गजुरी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा मिति २०८१ फागुन ९ गते गाउँपालिकास्तरीय आधारभूत तह शिक्षक हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो । विद्यार्थी मात्र नभई शिक्षकसमेत हरेक गतिविधिमा अध्यावधिक हुनुपर्छ र शिक्षकको पनि अन्तर्निहित प्रतिभाको प्रष्फुटन गर्नुपर्छ भने सोचका साथ आयोजना भएको प्रतियोगिता पालिका भरका ७१ जना शिक्षक सहभागी हुनुभएको थियो ।

निकै उत्साह र सक्रिय सहभागितामा संचालन भएको कार्यक्रममा प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान हासिल गर्ने शिक्षकहरुलाई गाउँपालिका अध्यक्ष, वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतज्यूबाट प्रमाण पत्र तथा नगद पुरस्कार वितरण गरिएको थियो ।

## उत्कृष्ठ विद्यालय, शिक्षक, विद्यार्थी तथा निवृत्त शिक्षक सम्मान कार्यक्रम





मिति २०८१ फागुन २१ गते गजुरी गाउँपालिका, शिक्षा युवा तथा खेलकूद शाखाको आयोजनामा गजुरी गाउँपालिकाबाट शैक्षिक सत्र २०८०/८१ को माध्यमिक शिक्षा परीक्षा SEE र कक्षा १२ को बार्षिक परीक्षामा उत्कृष्ठ नतिजा हासिल गर्ने गराउने विद्यालय, शिक्षक, विद्यार्थी तथा निवृत्त शिक्षक सम्मान तथा पुरस्कार वितरण कार्यक्रम आयोजना गरेको थियो ।

त्यसैगरी २०८१/६/३ गते आदर्श बहुमुखी क्याम्पसको संयोजनमा पालिका भित्रबाट SLC उत्तीर्ण गर्ने सम्पूर्ण विद्यार्थीलाई सम्मान तथा बधाई ज्ञापन कार्यक्रम गरिएको थियो ।

यस किसिमको कार्यक्रमले शिक्षक विद्यार्थीमा हौसला बढाएको र विद्यालय र विद्यार्थी बीच प्रतिष्पर्धात्मक भावना पैदा भएकोले आगामी दिन पालिकाको शैक्षिक विकासमा अझ टेवा पुग्ने विश्वास छ ।

## प्रारम्भिक अपाङ्गता पहिचान कार्यक्रम सम्पन्न

पालिका भित्र रहेका ४१ ओटा सामुदायिक विद्यालय, ५ ओटा बालविकास केन्द्र विद्यालयमा गरि ४६ ओटा विद्यालयमा अध्ययनरत बाल कक्षा देखि कक्षा ३ सम्ममा विद्यार्थीहरुको प्रारम्भिक अपाङ्गता पहिचान कार्यक्रम सम्मन्न भएको थियो । उक्त कार्यक्रमको कार्यन्वयनको लागि १० जना विद्यालयका विद्यालय सहायक कर्मचारी र शिक्षा शाखाका कर्मचारीलाई परिचालन गरिएको थियो ।





जम्मा २०९१ जना बालाबालिकाको प्रारम्भिक अपाङ्गता परीक्षण गर्दा १४० जना बालबालिकामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको पहिचान भएको छ भने पहिचान भएका बालबालिकाको स्वास्थ्य परीक्षण गराउन नजिकको अस्पतालमा रिफर गरिएको छ । अपाङ्गता पहिचान गरि त्यस्ता बालबालिकाको सिकाइमा सहजता ल्याउन सहयोगी सामग्रीहरुको व्यवस्थापन गर्ने उदेश्यले यो कार्यक्रम भएको हो ।

## स्तरमापन परीक्षा संचालन तथा आधारभूत शिक्षा परीक्षा संचालन



गजुरी गाउँपालिका भित्र संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुको सिकाइ स्तर पहिचान गर्ने र थप सिकाइ रणनीति तय गर्ने उदेश्यले स्तरमापन परीक्षा संचालन गरिएको थियो । विद्यार्थीहरुलाई पायक पर्ने गरि १६ ओटा विद्यालयलाई परीक्षा केन्द्र कायम गरि फरक फरक विद्यालयबाट केन्द्राध्यक्ष र निरिक्षकको समेत व्यवस्थापन गरि परीक्षा संचालन भएको थियो । परीक्षामा विषयविज्ञबाट नेपाली, अंग्रेजी, गणित, विज्ञान तथा प्रविधि/स्वास्थ्य शारीरिक र सिर्जन्नात्मक कला, सामाजिक अध्ययन र मानवमूल्य शिक्षा / हाम्रो गजुरी विषयको २०/२० पूर्णांक गरी जम्मा १०० पूर्णांकको प्रश्नपत्र निर्माण गरिएको थियो । परीक्षामा ३३ विद्यालयका ४६६ जना विद्यार्थी सहभागी भएका थिए । परिक्षा

पश्चात बाह्य परीक्षकबाट उत्तरपुस्तिका परीक्षण गरि नतिजा प्रकाशन गरिएको थियो । जसमा ३३४ जना विद्यार्थीले ३५ % भन्दा माथि नतिजा हासिल गरेका थिए भने ७ ओटा विद्यालयले शतप्रतिशत नतिजा हासिल गर्न सफल भएका थिए । पालिकाले शैक्षिक सत्र २०८१ मा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको बाह्य परीक्षा आधारभूत शिक्षा परीक्षा मिति २०८१/१२/७ देखि १३ गरेसम्म संचालन गरेको थियो । पालिका भर १७ ओटा परिक्षा केन्द्र कायम गरि फरक फरक विद्यालयबाट केन्द्राध्यक्ष र निरीक्षकको परिचालन गरि व्यवस्थित, मर्यादित र भयरहित वातावरणमा परीक्षा संचालन गरिएको थियो । परिक्षामा १७ ओटा विद्यालय जम्मा ४५७ जना परीक्षार्थी सहभागी थिए जसमध्ये ३२५ जना विद्यार्थी ग्रेडेड हुन सफल भएका थिए । जुन नतिजा अघिल्लो वर्षको भन्दा निकै राम्रो हो । बाह्य परीक्षकबाट उत्तरपुस्तिका परीक्षण गरि प्राप्त नतिजाको शुष्मरुपमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षा समितिको संयुक्त बैठकमा विश्लेषण गरि प्राप्त पृष्ठपोषणको आधारमा नतिजा प्रकाशित गरिएको थियो ।





## दोश्रो अध्यक्षकप खुला ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

गजुरी गाउँपालिकाको आयोजनामा मिति २०८१ फागुन ८ गतेदेखि १० गतेसम्म दोश्रो गजुरी गाउँपालिका अध्यक्षकप ब्याडमिन्टन प्रतियोगिता आयोजना भएको थियो । प्रतियोगितामा देशभरका खेलाडीको सहभागिता रहेको थियो । प्रतियोगिताको ६ विधामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने ४८ खेलाडीहरुलाई नगद पुरस्कार, प्रमाणपत्र र शिल्ड प्रदान गरिएको थियो ।



## आवासीय विद्यालयको भौतिक पूर्वाधार निर्माण



यस पालिका भित्र संचालित विद्यालयहरुमा विद्यार्थी संख्या न्यून हुदै गएकोले कतिपय विद्यालयहरु मर्ज गर्नुपर्ने तथा कतिपय विद्यालयमा कक्षा घटाउनुपर्ने अवस्थामा रहेको छ । निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षकको उपलब्धता पनि चुनौतीपूर्ण बन्दै गएको छ भने शिक्षक व्यवस्थापनलगायत अन्य शीर्षकमा पालिकाको आन्तरिक व्ययभार बढ्दै गएको छ । यसै सन्दर्भमा विद्यालयलाई औचित्य र आवश्यकताको आधारमा कक्षा १-३, कक्षा १-५ मा डाउन गरी प्रत्येक वडामा १ ओटा पूर्ण आवासीय विद्यालय संचालन गर्ने उदेश्यले सुरुवातको चरणमा हाल वडा न. ३ मा अवस्थित महेन्द्रोदय मा.वि र वडा न. ८ मा अवस्थित किरान्चोक माध्यमिक विद्यालयलाई आवासीय विद्यालयकोरुपमा पूर्वाधार निर्माणको लागि यसै आ.वमा बजेटको व्यवस्था गरि निर्माणको चरणमा रहेको छ । वडा केन्द्रीत आवासिय सुविधासहितको विद्यालय संचालन गर्न सकिय विषयगत शिक्षकको उपलब्धता सुनिश्चित भइ शैक्षिक गुणस्तर अभिवृद्धि हुने, कमजोर आर्थिक अवस्था भएको कारण विद्यार्थीको कक्षा छाड्ने डरमा न्यूनीकरण हुने साथै शिक्षक व्यवस्थापनमा पालिकाको व्ययभार घट्ने विश्वास पालिकाले लिएको छ ।

## दिवा खाजा विस्तार कार्यक्रम



